(कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयर समित दायित्व भएको)

# बरुण हाइड्रोपावर कम्पनी लिमिटेड

# Barun Hydropower Company Limited

**रजिष्टर कार्यालय : का.म.न.पा. वडा न २९, अनामनगर, काठमाण्डौ**
**फोन नं. : ५७०५५९०/५७०५१५९**
E-mail: barunhydro@gmail.com, website:www.barunhydro.com.np

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.२६,७९,०७,५००/–को एक शेयर बराबर एक शेयर (१:१) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२६,७९,०७,५००/–बराबरको प्रति शेयर रु.१००/– अंकित दरका २६,७९,०७५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शत प्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको उदघोषण:

हामीलाई बरुण हाइड्रोपावर कम्पनी लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रती विश्वस्त भई हामीले यो हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु स्विकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण:

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई CARE-NP BB+(Is)[Double BB Plus (Is)]" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको समयमै वित्तिय दायित्व पूरा गर्न मध्यम जोखिम रहेको जनाउंछ (**Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal**) । सो ग्रेडिङ्गको बैद्यता अवधि एक बर्ष रहने छ । केयर **रेटिङ्ग** नेपाल लिमिटेडले CARE-NP AAA( Is) देखि CARE-NP D (Is) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA( Is) ले बलियो आधार जनाउंछ भने CARE-NP D (Is) ग्रेडले कमजोर आधारहरु जनाउंछ । CARE-NP B (Is) CARE-NP C (Is) CARE-NP D (Is) ले औसत भन्दा कम आधारहरु जनाउंछ । दिइने आधारहरुमा प्रयोग गरिने +(Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितीलाई जनाउंछ ।

सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"को दफा (व) मा उल्लेख गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : जुन २१, २०२२ (आषाढ ०७, २०७९)

क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने अवधि : रेटिङ्ग प्रदान गरिएको मितिले १ वर्ष (जेष्ठ २६, २०८०)

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति | : २०७९/०३/१५ गते । |
| हकप्रद शेयर निष्काशन मिति | : २०७९/०५/०६ गते । |
| हकप्रद शेयर निष्काशन बन्द हुने मिति | : २०७९/०५/२६ गते (बैंकिङ समय पश्चात्) । |

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाडौं
फोन नं.: ०१५३४३२६५, ५३४०९३२/३३
फ्याक्स नं.: ०१५३४५०१८
ईमेल: rbbmbl@rbbmbl.com.np

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.rbbmbl.com.np, बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको Website:www.barunhydro.com र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**क)** **संगठित संस्थाको नाम :** बरुण हाइड्रोपावर कम्पनी लिमिटेड **(Barun Hydropower Company Limited)**

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका वडा.नं ३२, (हाल २९) अनामनगर, काठमाण्डौमा रहेको छ । आवश्यकतानुसार स्वीकृत लिई अन्य ठाउँमा पनि शाखा तथा बिद्युत आयोजनाहरु सञ्चालन गर्न सकिनेछ ।

**ग)** **कारोबार स्थान :** यस कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका वडा.नं.३२, (हाल २९) अनामनगरबाट कारोवार गर्दै आइरहेको छ भने यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र संखुवासभा जिल्लाको जलजला गा.वि.स.(हाल पाँचखपन नगरपालिका) मा रहेको छ ।

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :** बरुण हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६० साल माघ ६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनीको रुपमा दर्ता भै मिति २०६६ आषाढ ३१ गतेदेखि पब्लीक कम्पनीमा परिणत भै कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।

क) कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको ३०% शेयर मध्ये सञ्चालक समितिको निर्णय अनुसार उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित संखुवासभा जिल्लाका बासिन्दाहरु) लगायत सर्वसाधारणलाई निष्काशन तथा बितरण गरिएको ।

ख) कम्पनीले कोशी अञ्चल, संखुवासभा जिल्लाको जलजला र शिद्धपोखरी गा.वि.स.(हाल प्रदेश नं १ संखुवासभा जिल्ला पाँचखपन र चैनपुर नगरपालिकाहरु) बीच भएर बहने हेवा खोलाबाट ४.५ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप मिति २०६८/०४/२१ गतेदेखि विद्युतको ब्यापारिक उत्पादन प्रारम्भ गरेको छ । कम्पनीले मिति २०७१/११/१७ गते देखि मिति २०७१/११/२० गते सम्म सर्वसाधारणमा शेयर जारी गरि मिति २०७२/०१/१० गते शेयर बाँडफाँड गरेको थियो ।

ग) कम्पनीबाट उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६४ साल आश्विन ०२ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भई विद्युत खरिद बिक्री भै रहेको ।

**घ)** यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम संस्थापक शेयर धनीहरु र सर्वसाधारण शेयरधनीहरु ( आयोजना प्रभावित, कर्मचारी र सर्वसाधारणहरु ) गरी दुई भागमा विभाजन गरीएको छ जसमध्ये प्रारम्भिक शेयर निष्काशनका बखत २८९ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूंजिको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुलाई र ३० प्रतिशत आइपीओद्वारा सर्वसाधारणहरुलाइ शेयर निश्कासन गरिएको छ (१० प्रतिशत आयोजना प्रभावित क्षेत्रलाई, २ प्रतिशत कर्मचारी, ५ प्रतिशत म्युच्युअल फण्ड तथा बाँकि सर्वसाधारण जनतालाइ निष्काशन तथा बांडफांड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बांडफांड गरिएको छ ।) कम्पनीले मिति २०७२/०१/१० गते गरेको शेयर बाँडफाँड बमोजिम मिति २०७५/१/१७ गते कम्पनीको संस्थापक शेयरको लकईन पिरियड (Lock-in Period) समाप्त भएकोले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

**यस कम्पनीले हाल सम्म लगानी गरेका कम्पनी र त्यसमा रहेको शेयर स्वामित्व निम्नानुसार छ ।**

| क.सं. | संस्थाको नाम | संस्थाको ठेगाना | शेयर स्वामित्व (कित्ता) | संचालक समितिमा प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|---|
| १ | अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेड | का.म.न.पा २९, काठमाडौं । | ५,००० | नभएको । | |
| २ | पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड | का.म.न.पा १०, काठमाडौं । | ४,४६० | नभएको । | |

**कम्पनीको मुख्य उद्देश्यहरु :**

**कम्पनीको प्रबन्धपत्रको दफा ४ र नियमावलीको ४ अनुसार कम्पनीको मुख्य उदेश्यहरु निम्नानुसार रहेको छ ।**

(१) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ सस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युत शक्ति उत्पादन, विद्युत शक्तिको अध्ययन सर्भेक्षण, वितरण, प्रसारण लाइन निर्माण तथा सम्भार कार्य गर्ने ।

(२) नेपाल विद्युत प्राधिकरण तथा उर्जा सम्बन्धि काम गर्ने अन्य यस्तै प्रकारका समान उद्देश्य भएका संस्था वा कम्पनीहरुसंग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने । विद्युत उत्पादन गरी केन्द्रिय प्रसारण लाइन मार्फत विक्रि गर्ने वा अन्य आइपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(३) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई नेपालका नदीनालाहरुबाट विभिन्न स्तरका जलविद्युत आयोजनाहरुको निर्माण गरी सञ्चालन गर्ने । वायु शक्ति, सौर्य शक्ति, फ्यूल प्लाण्ट वा अन्य शक्ति तथा सोसँग सम्बद्ध प्रविधिसँग सम्बन्धि अनुसन्धान कार्य गर्नुका साथै सम्भावना देखिएमा योजना तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(४) विद्युत प्राधिकरणले सञ्चालन गरेका पुराना जलविद्युत केन्द्रको पुनःसञ्चालन गरी विद्युत उत्पादन बृद्धिका लागी आवश्यक सम्झौता गर्न ठेक्का लिने ,विद्युतसंग सम्बन्धित सेवा,परामर्श तथा राय सुझाव तथा सल्लाह दिने । शक्तिसंग सम्बन्धित व्यवसाय विस्तार गर्ने तथा विदेशमा विद्युत निर्यात गरि विदेशी मुद्रा आर्जन गरि देश विकासको काममा सहभागी बन्ने ।

(५) विद्युत उत्पादन सम्बन्धि प्रबिधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसंग मैत्रीपूर्ण सम्बन्ध स्थापना गरि कम्पनीलाई हितहुने बिषयहरुमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने । सभा सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागी आवश्यक जनशक्ति तयार गर्ने ।

(६) उर्जा विकासका लागी नेपाली नागरिकहरुलाई सचेत,सक्षम र क्रियाशील बनाई यस माध्यमबाट सकेसम्म धेरै स्वदेशी जनशक्तिहरुलाई परिचालन गरि विभिन्न जनउपयोगी तथा व्यावसायीक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(७) पर्यावरण तथा वातावरणीय सन्तुलन सम्बन्धि सचेतना कार्यक्रमहरु सञ्चालन गरि सक्षम जनशक्ति निर्माण गर्न प्रयत्न गर्ने तथा तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने ।

(८) उर्जा विकास कार्यक्रम सञ्चालन गरे पश्चात त्यसबाट हुने खुद नाफाको निश्चित प्रतिशत रकम सम्बन्धित क्षेत्रको वातावरणीय विकास तथा सोको समग्र विकासका लागी खर्च गर्ने ।

(९) उर्जा विकासको लागी चाहिने सामानहरुको व्यापार सम्बन्धी कारोवारहरु गर्ने ।

(१०) जलविद्युत, खानेपानी, सिञ्चाई तथा अन्य विकास आयोजनाहरुको कार्यान्वयनको शिलशिलामा प्रारम्भिक वातावरणीय अध्ययन तथा वातावरणीय प्रभाव मुल्याङ्कन एंव वातावरणीय व्यवस्थापन सम्बन्ध परामर्शदातृको कार्य गर्ने ।

**ङ ) शेयर पूँजीको संरचनाः**

क) **अधिकृत पूँजीः** यस कम्पनीको अधिकृत पूँजी रु.६०,००,००,०००/–( अक्षरेपी साठी करोड मात्र ) छ, जसलाई प्रति शेयर रु.१००/- दरका ६०,००,००० (साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजीः** कम्पनीले तत्काल जारी गर्ने पूँजी रु. ६०,००,००,०००/–( अक्षरेपी साठी करोड मात्र ) छ ।

ग) **चुक्ता पूँजीः** कम्पनीका संस्थापक शेयरधनी तथा साधारण शेयरधनीहरुले तत्काल चुक्ता गर्न कुवल गरेको पूंजी रु. *५३,५८,१५,०००/- छ । सो मध्ये रु.२६,७९,०७,५००/- ( अक्षरेपी छब्बिस करोड उनान्असी लाख सात हजार पाँच सय मात्र) चुक्ता भइसकेको तथा बाँकि रु. २६,७९,०७,५०० यस हकप्रद शेयर निश्कासन बाँडफाँड पश्चात चुक्ता हुनेछ ।*

| अधिकृत पुँजी | जारी पुँजी | चुक्ता पुँजी | संसोधित आ.व |
|---|---|---|---|
| रु ३५,००,००,०००/- | रु २४,३०,००,०००/- | रु १७,०१,००,००० /- | २०६९/०३/१३ |
| रु ६०,००,००,०००/- | रु ६०,००,००,०००/- | रु ४८,६०,००,०००/- | २०७३/०७/०९ |
| रु ६०,००,००,०००/- | रु ६०,००,००,०००/- | रु ५१,०३,००,०००/- | २०७४/०७/०९ |
| रु ६०,००,००,०००/- | रु ६०,००,००,०००/- | रु ५३,५८,१५,०००/- | २०७७/१२/१० |

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शयेर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.२६,७९,०७,५००/– ( अक्षरेपी छब्बिस करोड उनान्असी लाख सात हजार पाँच सय मात्र) रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु ५३,५८,१५,००० ( अक्षरेपी त्रिपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र ) कायम हुनेछ । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईन पिरियड (Lock-In period) मा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०७५ बैशाष १८ गतेदेखि लकईन पिरियड (Lock-In period) समाप्त भई साधारण शेयरमा परिणत भई खुल्ला रुपमा कारोवार भईरहेको छ ।

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

मिति २०७५ बैशाख १८ गते संस्थापक शेयरको लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भै राखेको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । सम्पूर्ण शेयर स्टक एक्सचेञ्जमा सूचिकरण भई कारोवार भईरहेको छ । बैंकबाट लिएको कर्जाको सुरक्षणका लागी कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ ।

२०७८ चैत्र मसान्त सम्मको आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व रहेको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्र.सं. | नाम | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | डा. भोगेन्द्र कुमार गुरागाई | महांकाल-६, काठमाडौं | १,१०,२५० | |
| २. | हरि मान प्रधान | कालीकास्थान, काठमाण्डौं | ५५,४६९ | |
| ३. | शैलेन्द्र गुरागाईं | ईटहरी-४, सुनसरी | ५१,४११ | |
| ४ | उमा बस्नेत | काठमाण्डौं | ५०,३२२ | |
| ५ | श्रवण कुमार महर्जन | काठमाण्डौं | ३०,९४७ | |
| ६ | धिरज लामा | महालक्ष्मीस्थान, ललितपुर | २७,५६२ | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

यस कम्पनीको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या २६,७९,०७५ कित्ताको एक शेयर बराबर नयाँ एक शेयर (१:१) को अनुपातमा (अर्थात् हाल कायम १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/– का दरले जम्मा २६,७९,०७५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ । विद्युत नियमन आयोगबाट मिती २०७९/०१/२३ गते रु.२६,७९,०७,५००/–( अक्षरेपी छब्बिस करोड उनान्असी लाख सात हजार पाँच सय मात्र) चुक्ता पूंजिलाई १:१ का दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सैद्धान्तिक सहमती प्रदान भए बमोजिम २६,७९,०७५ कित्ताले हुन आउन रु.२६,७९,०७,५००/–( अक्षरेपी छब्बिस करोड उनान्असी लाख सात हजार पाँच सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिनेछ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा भएको निर्णय:**

यस बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०७८/१०/१२ गते सम्पन्न भएको १८ औं वार्षिक साधारण सभामा मिति २०७३/०३/२० गते सम्पन्न भएको विशेष साधारण सभाले गरेको निर्णयलाई निरन्तरता दिने निर्णय गरे अनुरुप कम्पनीको तत्कालको चुक्ता पुँजी रु. २४ करोड ३० लाखमा आ.व. २०७३/०७४ को १३ औं, १४ औं वार्षिक साधारण सभाले पारित गरेको ५ प्रतिशत बोनस शेयर वितरण गरे पश्चात चुक्ता पुँजी रु. २५,५१,५०,०००।- कायम रहेको थियो । सो पश्चात १७ औं वार्षिक साधारण सभाले पुन: ५ प्रतिशत बोनस शेयर वितरण गरी हाल रु.२६,७९,०७,५००/– (अक्षरेपी छब्बिस करोड उनान्असी लाख सात हजार पाँच सय मात्र) कायम रहेको छ । सो चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको छ । सो को लागी विद्युत नियमन आयोगबाट हकप्रद शेयर निश्काशन गर्न निम्नानुसारको सर्तहरु राखी स्वीकृती प्रदान गरिएको ।

शर्तहरु :

क) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजीम कार्यान्वयन गर्न र निर्देश्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गनुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजीम लाभकर लगाएत अन्य कर बुझाउनुपर्ने भएमा सम्वन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) शेयरको संरचना परिवर्तनका सम्बन्धमा अन्य प्रचति ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सो को पालना गर्नुपर्नेछ ।

ङ) कम्पनीले हकप्रद शेयर वापतको रकम तोकिएको कार्यमा मात्र लगाउनु पर्नेछ ।

यस कम्पनीले विद्युत नियमन आयोगबाट स्वीकृत भए बमोजिम कुल चुक्ता पुँजी रु २६,७९,०७,५०० को १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने र सो को लागी आरविवि मर्चेन्ट बैकिङ्ग टेकुलाई निष्काशन तथा बिक्रि प्रबन्धक तोकी प्रकृया अगाडी बढाईएको छ ।

**ञ) सञ्चालकहरुको परिचय:**

**(१) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

कम्पनीको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

**संचालकहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|
| १. | **डा. भुषण गुरागाई** महांकाल ०६, काठमाण्डौ | अध्यक्ष | नेपाली | १,००० | स्नातकोत्तर | करिव १० बर्ष देखि उर्जा तथा वित्तीय क्षेत्रमा आवद्ध भई विभिन्न संघ संस्थासंग कार्य गर्दै आउनुभएको । |
| २ | **डा.अभिनव दाहाल** बुढानिलकण्ठ ०६, काठमाण्डौ । | सञ्चालक | नेपाली | १०० | स्नातकोत्तर | चिकित्सा क्षेत्रमा करिब १३ बर्षको अनुभव |
| ३. | **श्री रमेश अधिकारी** भद्रपुर ०८, झापा । | सञ्चालक | नेपाली | १०० | स्नातक | उर्जा तथा जलविद्युत क्षेत्रमा करिब १५ बर्षको अनुभव |
| ४ | **श्री सौरभ गुरागाई** महांकाल ०६, काठमाण्डौ | सञ्चालक | नेपाली | ५०० | स्नातक | व्यापार व्यवसायमा करिव ५ बर्षको कार्य अनुभव |
| ५ | **श्री पुनम कार्कि** अनारमनी ८ झापा | सञ्चालक | नेपाली | १०० | स्नातकोत्तर | उर्जा तथा जलविद्युत लेखा क्षेत्रमा करिब ३ बर्षको अनुभव |
| ६ | **श्री कृष्ण लाल श्रेष्ठ** सूर्यविनायक ०३, भक्तपुर | सञ्चालक | नेपाली | १७० | स्नातक (व्यवस्थापन) | करिव २० बर्ष देखि लेखा, प्रशासन, व्यवसाय तथा वित्तीय क्षेत्रसंग सम्बद्ध भई विभिन्न कार्यहरुमा संलग्न हुँदै आउनुभएको । |
| ७ | **श्री सम्झना तजले** भक्तपुर ०४, भक्तपुर | स्वतन्त्र सञ्चालक | नेपाली | छैन | स्नातक | लेखा तथा उर्जा क्षेत्रमा ५ वर्ष भन्दा बढीको अनुभव |

कम्पनीले पालना गर्नुपर्ने संस्थागत शुसासन सम्बन्धि निर्देशिकाको संचालकहरुले पालना गनुपर्ने सम्पुर्ण व्यवस्थाहरुको पूर्ण पालना गरिएको उद्घोषण गर्दछौं ।

**<u>कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण :</u>**

नाम : संदीप अधिकारी

ठेगाना : डागीबारी-५, झापा

शैक्षिक योग्यता : स्नातक

अनुभव : करिव ९ वर्ष क बर्गको बैंकहरुमा कार्य गरेको, (३ वर्ष लक्ष्मी बैंक लिमिटेडमा शाखा प्रबन्धकको रुपमा कार्य गरेको अनुभव) र दुई वर्ष उर्जा तथा जलविद्युतक्षेत्रमा कार्य गरेको अनुभव ।

**ट) सञ्चालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) माभएको व्यवस्थाअनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहायबमोजिम रहेको छ ।

| | |
|---|---|
| शेयरधनीहरूको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु महिला एक जना सञ्चालक समेत | ६ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको संचालक समितीको निर्णय अनुसार शेयरको दर्ता किताव बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बांकि रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा “धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार संचालक समितिले तोके बमोजिम पारदर्शी तरिकाद्धारा लिलाम बढाबढ गरि बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै २.१ हुन आएमा खण्डितहरुको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ३ कित्ताका (खण्डित शेयर २.१ को माथिल्लो पूर्णाङ्क भनेको ३ भएकोले) लागि प्रति शेयर रु.१००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा पूंजि संरचना परिबर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक शंसोधन गर्ने र थप धितोपत्रहरु बेर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन बर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रती शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतीफलर निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

(क) विगत तीन बर्षको बास्तविक वित्तिय स्थिती देहाय बमोजिम छ ।

## वासलात

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. | आ.ब. | आ.ब. |
| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
| **१. पूँजी** | | | |
| शेयर पूँजी | २५५,१५० | २५५,१५० | २६७,९०८ |
| जगेडा कोष र संचित नाफा | ९,८७२ | १६,२२३ | ५,०२५ |
| **कुल पूँजी** | **२६५,०२२** | **२७१,३७३** | **२७२,९३३** |
| **२. दिर्घकालीन कर्जा** | | | |
| क.सुरक्षित दायित्व | २५८,२६४ | २४०,४५६ | २२०,२८७ |
| **कुल दिर्घकालीन कर्जा** | **२५८,२६४** | **२४०,४५६** | **२२०,२८७** |
| **जम्मा पूंजी तथा दायित्व** | **५२३,२८६** | **५११,८२९** | **४९३,२२०** |
| **१. स्थिर सम्पत्ति** | | | |
| जम्मा मूल्य | ६५०,३५८ | ६५१,४९० | ६५३,९३१ |
| जम्मा ह्रास खर्च | (१६०,४४६) | (१७९,३५८) | (१९८,४२७) |
| **खुद स्थिर सम्पत्ति** | **४८९,९१२** | **४७२,१३२** | **४५५,५०४** |
| **२. लगानी** | **९४६** | **९४६** | **९४६** |
| **३. चालु सम्पत्ति** | | | |
| क. जिन्सी मौज्दात | | | |
| ख. व्यापारिक तथा अन्य प्राप्त गर्नु पर्ने रकम | १४,९९३ | १५,४२४ | ११,४४४ |
| ग. नगद तथा बैंक मौज्दात | १७९ | ४,४२९ | २,६२९ |
| घ. अग्रीम भुक्तानी रकम र पेश्की | ५७,०५९ | ४०,३६८ | ४१,१९८ |
| **जम्मा चालु सम्पत्ति** | **७२,२३१** | **६०,२२१** | **५५,२७१** |
| **४. चालु दायित्व** | | | |
| क.छोटो अवधि सापटी | २३,००० | ५,००० | २,५०० |
| ख.व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | १६,८०३ | १६,४७१ | १६,००१ |
| ग.आयकर दायित्व | ( | ( | ( |
| **जम्मा चालु दायित्व** | **३९,८०३** | **२१,४७१** | **१८,५०१** |
| **खुद चालु सम्पत्ति (३–४)** | **३२,४२८** | **३८,७५०** | **३६,७७०** |
| **जम्मा सम्पत्ति** | **५२३,२८६** | **५११,८२८** | **४९३,२२०** |

## नाफा नोक्सान हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. | आ.ब. | आ.ब. |
| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
| **क.आम्दानी** | | | |
| १.बिक्री आम्दानी | ७८,२९२ | ८५,००४ | ५९,७५८ |
| २.अन्य आम्दानी | २,५६८ | १६२ | – |
| ३. लगानीबाट प्रप्त आम्दानी | – | – | – |
| **जम्मा आम्दानी** | **८०,८६०** | **८५,१६६** | **५९,७५८** |
| **ख.संचालन तथा प्रशासकीय खर्च** | | | |
| १. प्रशासकीय खर्च | २१,६५९ | २१,४६३ | ५,१२० |
| २. संचालन खर्च | ६,३२० | ५,९५६ | १०,०७४ |
| ३. रोयल्टी खर्च | २,०१६ | २,१५० | १,६४५ |
| **जम्मा खर्च** | **२९,९९५** | **२९,५६९** | **१६,८३९** |
| **ग. जम्मा संचालन नाफा (क–ख)** | **५०,८६५** | **५५,५९७** | **४२,९१९** |
| **घ. अन्य गैर संचालन खर्च** | – | – | – |
| १. वित्तीय खर्च | ३४,२९३ | ३०,१४० | २१,२८८ |
| २. ह्रास खर्च | १८,९०७ | १८,९१२ | १९,०६९ |
| **जम्मा अन्य गैर संचालन खर्च** | **५३,२००** | **४९,०५२** | **४०,३५७** |
| **कर्मचारी बोनस अघिको नाफा/(नोक्सान) (ग–घ)** | (२,३३६) | **६,५४५** | **२,५६२** |
| कर्मचारी बोनस | – | १३१ | ५१ |
| **कर अघिको नाफा नोक्सान** | (२,३३६) | **६,४१४** | **२,५११** |
| आयकर | – | – | २५८ |
| **कर पछिको नाफा नोक्सान** | (२,३३६) | **६,४१४** | **२,२५३** |
| **सामाजिक उत्तरदायित्व** | – | ६४ | २३ |
| **नाफा नोक्सान बाँडफाँड हिसाव** | | | |
| अ. चालु आ.ब नाफा नोक्सान | (२,३३६) | ६,३५० | २,२३० |
| आ. अघिल्लो आ.ब संचित नाफा नोक्सान | १२,२०८ | ९,८७२ | १६,२२३ |
| **ङ. चालु आ.ब खुद नाफा (नोक्सान)** | **९,८७२** | **१६,२२२** | **१८,४५३** |
| **बोनस शेयर** | – | – | १३,४२९ |
| **वासलातमा सारेको** | **९,८७२** | **१६,२२२** | **५,०२४** |

**नोटः** आ.व.२०७६।७७ तथा आ.व. २०७७।७८ मा लेखापरिक्षकले Nepal Financial Reporting Standard (NFRS) बमोजिम वित्तीय विवरण तयार नभएको भनि Disclaimer of Opinion प्रदान गरेको छ ।

(ख) आगामी तीन बर्षको अनुमानित वित्तिय स्थिती देहाय बमोजिम छ ।

**वासलात**

| पूँजी तथा दायित्व | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.ब. | आ.ब. | आ.ब. |
| | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| **१. पूँजी** | | | |
| शेयर पूँजी | ५३५,८१६ | ५३५,८१६ | ५३५,८१६ |
| जगेडा कोष र संचित नाफा | ३३,५२७ | ६६,११२ | १०१,८५२ |
| **कुल पूँजी** | **५६९,३४३** | **६०१,९२८** | **६३७,६६८** |
| **२. दिर्घकालीन कर्जा** | | | |
| क.सुरक्षित दायित्व | ४३,५५४ | २६,८२६ | १०,०९८ |
| **कुल दिर्घकालीन कर्जा** | **४३,५५४** | **२६,८२६** | **१०,०९८** |
| **जम्मा पूंजी तथा दायित्व** | **६१२,८९७** | **६२८,७५४** | **६४७,७६६** |
| **१. स्थिर सम्पत्ति** | | | |
| जम्मा मूल्य | ६५३,९३१ | ६५३,९३१ | ६९३,९३१ |
| जम्मा ह्रास खर्च | (२१९,०२५) | (२३९,६२४) | (२६०,२२३) |
| **जम्मा स्थिर सम्पति** | **४३४,९०६** | **४१४,३०७** | **४३३,७०८** |
| प्रमुख मर्मतका लागि सूची | – | ४०,००० | |
| २. लगानी | १९,४४६ | १९,४४६ | १९,४४६ |
| (SIMKOSH) परियोजना अध्ययन र अधिग्रहण लागत | ५,००० | ५५,००० | – |
| **खुद स्थिर सम्पत्ति** | **४५४,३५२** | **५२८,७५३** | **४५३,१५४** |
| **३. चालु सम्पत्ति** | | | |
| क. जिन्सी मौज्दात | – | | |
| ख. व्यापारिक तथा अन्य प्राप्त गर्नु पर्ने रकम | १५,७२० | १५,७२० | १५,७२० |
| ग. नगद तथा बैंक मौज्दात | १२४,२६८ | ७०,८७६ | १६९,४६४ |
| घ. अग्रीम भुक्तानी रकम र पेश्की | ३२,९५८ | २६,३६७ | २१,०९३ |
| **जम्मा चालु सम्पत्ति** | **१७२,९४६** | **११२,९६२** | **२०६,२७७** |
| **४. चालु दायित्व** | | | |
| क.छोटो अवधि सापटी | – | – | – |
| ख.व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | १४,४०१ | १२,९६१ | ११,६६५ |
| ग.आयकर दायित्व | – | – | – |
| **जम्मा चालु दायित्व** | **१४,४०१** | **१२,९६१** | **११,६६५** |
| **खुद चालु सम्पत्ति (३–४)** | **१५८,५४५** | **१००,००१** | **१९४,६१२** |
| **जम्मा सम्पत्ति** | **६१२,८९७** | **६२८,७५४** | **६४७,७६६** |

**नाफा नोक्सान हिसाव**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. | आ.ब. | आ.ब. |
| | २०७८□७९ | २०७९□८० | २०८०□८१ |
| **क.आम्दानी** | | | |
| १.बिक्री आम्दानी | ९४,३१७ | ९४,३१७ | ९४,३१७ |
| २.अन्य आम्दानी | ४,३१८ | – | – |
| ३. लगानीबाट प्रप्त आम्दानी | – | – | – |
| **जम्मा आम्दानी** | **९८,६३५** | **९४,३१७** | **९४,३१७** |
| **ख.संचालन तथा प्रशासकीय खर्च** | | | |
| १. प्रशासकीय खर्च | ७,६८० | ८,४४८ | ९,२९३ |
| २. संचालन खर्च | १४,१४८ | १४,१४८ | १४,१४८ |
| ३. रोयल्टी खर्च | २,३३६ | २,३३६ | २,३३६ |
| ४. ओभरहलीङ्ग खर्च | २,००० | ५,००० | – |
| **जम्मा खर्च** | **२६,१६४** | **२९,९३२** | **२५,७७७** |
| **ग. जम्मा संचालन नाफा (क–ख)** | **७२,४७१** | **६४,३८५** | **६८,५४०** |
| **घ. अन्य गैर संचालन खर्च** | | | |
| १. वित्तीय खर्च | १३,६५० | १,८०३ | १,८९२ |
| २. हकप्रद शेयर निश्कासन खर्च | १,५०० | – | – |
| ३. ह्रास खर्च | २०,५९९ | २०,५९९ | २०,५९९ |
| **जम्मा अन्य गैर संचालन खर्च** | **३५,७४९** | **२२,४०२** | **२२,४९१** |
| **कर्मचारी बोनस अधिको नाफा/(नोक्सान) (ग–घ)** | **३६,७२२** | **४१,९८२** | **४६,०४९** |
| कर्मचारी बोनस | ७३४ | ८४० | ९२१ |
| **कर अधिको नाफा नोक्सान** | **३५,९८७** | **४१,१४३** | **४५,१२८** |
| आयकर | ७,१९७ | ८,२२९ | ९,०२६ |
| **कर पछिको नाफा नोक्सान** | **२८,७९०** | **३२,९१४** | **३६,१०२** |
| **सामाजिक उत्तरदायित्व** | **२८८** | **३२९** | **३६१** |
| **नाफा नोक्सान बाँडफाँड हिसाव** | | | |
| अ. चालु आ.ब नाफा नोक्सान | २८,५०२ | ३२,५८५ | ३५,७४१ |
| आ. अघिल्लो आ.ब संचित नाफा नोक्सान | ५,०२४ | ३३,५२७ | ६६,११२ |
| **ङ. चालु आ.ब खुद नाफा (नोक्सान)** | **३३,५२७** | **६६,११२** | **१०१,८५२** |
| **बोनस शेयर** | | | |
| **वासलातमा सारेको** | **३३,५२७** | **६६,११२** | **१०१,८५२** |

**नगद प्रवाह विवरण**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | २८,५०२ | ३२,५८५ | ३५,७४१ |
| जोडः ह्रासकट्टी | २०,५९९ | २०,५९९ | २०,५९९ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **४९,१०१** | **५३,१८४** | **५६,३४०** |
| क्रियाशील पूँजीमा परिवर्तन | **(१३७)** | **५,१५२** | **३,९७७** |
| थपः सम्पति विक्रिमा घाटा | - | - | - |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | ४८,९६४ | **५८,३३५** | **६०,३१७** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | - | - | - |
| लगानीमा (वृद्धि)/कमी | (१८,५००) | (९५,०००) | - |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | - | - | ५५,००० |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(१८,५००)** | **(९५,०००)** | **५५,०००** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | २६७,९०८ | - | - |
| लाभांश बितरण | - | - | - |
| वित्तिय लागतमा बृद्धि/(कमी) | (१७६,७३३) | (१६,७२८) | (१६,७२८) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **९१,१७५** | **(१६,७२८)** | **(१६,७२८)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१२१,६४०** | **(५३,३९३)** | **९८,५८९** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २,६२९ | १२४,२६८ | ७०,८७६ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१२४,२६८** | **७०,८७६** | **१६९,४६४** |

**प्रक्षेपित गरिएको वित्तिय विवरणहरुको गणनाको आधारहरु देहाय वमोजिम रहेको छ :-**

| सि.नं | विवरण | आ.ब.२०७८/०७९ | | आ.ब. २०७९/०८० | | आ.ब. २०८०/०८१ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम रु.`००० मा | % | रकम रु.`००० मा | % | रकम रु.`००० मा | % |
| १. | आम्दानी | ९४,३१७ | ५७.८३% | ९४,३१७ | 0.00% | ९४,३१७ | 0.00% |
| २. | सञ्चालन खर्च | १४,१४८ | ४०.४३% | १४,१४८ | 0.00% | १४,१४८ | 0.00% |
| ३. | कर्जामा व्याज | १३,६५० | (३५.८८%) | १,८०३ | (८६.७९%) | १,८९२ | ४.९३% |

(ख) अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ।

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. | आ.ब. | आ.ब. | आ.ब. | आ.ब. | आ.ब. |
| | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
| चुक्ता पुंजी | २५५,१५० | २५५,१५० | २६७,९०८ | ५३५,८१६ | ५३५,८१६ | ५३५,८१६ |
| जगेडा तथा कोषहरु | ९,८७२ | १६,२२३ | ५,०२४ | ३३,५२७ | ६६,११२ | १०१,८५२ |
| **कुल** | **२६५,०२२** | **२७१,३७३** | **२७२,९३२** | **५६९,३४३** | **६०१,९२८** | **६३७,६६८** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | |
| **कुल नेटवर्थ** | **२६५,०२२** | **२७१,३७३** | **२७२,९३२** | **५६९,३४३** | **६०१,९२८** | **६३७,६६८** |
| शेयर संख्या (हजारमा) | २,५५२ | २,५५२ | २,६७९ | ५,३५८ | ५,३५८ | ५,३५८ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०३.८७ | १०६.३६ | १०१.८८ | १०६.२६ | ११२.३४ | ११९.०१ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | -०.८८% | २.३६% | ०.८३% | ५.०६% | ५.४७% | ५.६६% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | ०.८३३% |

*माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार पारेको हो। उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था जि पौड्याल एण्ड एसोसिएट्स, टेकु, काठमाण्डौं रहेको छ।*

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**(क) पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाब :**

**२०७७ श्रावण १ गते देखि २०७८ साल आषाढ मसान्त सम्मको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| **१.पूँजी तथा दायित्व** | |
| अ. शेयर पुँजी | २६७,९०८ |
| आ. जगेडा कोष र संचित नाफा | ५,०२५ |
| **२.दिर्घकालीन कर्जा** | |
| क.सुरक्षित दायित्व | २२०,२८७ |
| **३.चालु दायित्व** | |
| क. छोटो अवधि सापटी | २५,०० |
| ख. ब्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | १६,००१ |
| ग. आयकर दायित्व | |
| **जम्मा चालु दायित्व** | **१८,५०१** |
| **जम्मा पूँजी तथा दायित्व (१+२+३)** | **५११,७२१** |
| **जम्मा सम्पत्ति** | |
| **१.स्थिर सम्पत्ति** | |
| जम्मा मूल्य | ६५३,९३१ |
| जम्मा संचित ह्रास खर्च | (१९८,४२७) |
| खुद स्थिर सम्पत्ति | ४५५,५०४ |
| **२.लगानी** | ९४६ |
| **३.चालु सम्पत्ति** | |
| क.जिन्सी मौज्दात | |
| ख.ब्यापारिक तथा अन्य प्राप्त गर्नु पर्ने रकम | ११,४४४ |
| ग.नगद तथा बैंक मौज्दात | २,६२९ |
| घ.अग्रीम भुक्तानी रकम र पेश्की | ४१,१९८ |
| **जम्मा चालु सम्पत्ति** | **५५,२७१** |
| **जम्मा सम्पत्ति (१+२+३)** | **५११,७२१** |

### २०७७ श्रावण १ गते देखि २०७८ असाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **क.आम्दानी** | |
| १.बिक्री आम्दानी | ५९,७५९ |
| २.अन्य आम्दानी | - |
| ३. लगानीबाट प्रप्त आम्दानी | - |
| **जम्मा आम्दानी** | ५९,७५९ |
| **ख.संचालन तथा प्रशासकीय खर्च** | |
| १. प्रशासकीय खर्च | ५,१२० |
| २. संचालन खर्च | १०,०७४ |
| ३. रोयल्टी खर्च | १,६४५ |
| **जम्मा खर्च** | **१६,८३९** |
| **ग. जम्मा संचालन नाफा (क–ख)** | **४२,९२०** |
| **घ. अन्य गैर संचालन खर्च** | |
| १. वित्तीय खर्च | २१,२८८ |
| २. ह्रास खर्च | १९,०६९ |
| **जम्मा अन्य गैर संचालन खर्च** | **४०,३५७** |
| **कर्मचारी बोनस अधिको नाफा/ (नोक्सान) (ग–घ)** | २,५६३ |
| कर्मचारी बोनस | ५१ |
| कर अधिको नाफा नोक्सान | **२,५१२** |
| आयकर | २५८ |
| **कर पछिको नाफा नोक्सान** | २,२५४ |
| **नाफा नोक्सान बाँडफाँड हिसाव** | |
| अ. चालु आ.ब  नाफा नोक्सान | ८,८९८ |
| आ. अघिल्लो आ.ब संचित नाफा (नोक्सान ) | १६,२२३ |
| **ङ. चालु आ.ब खुद नाफा (नोक्सान)** | **१८,४५४** |
| **बोनस शेयर** | १३,४२९ |
| **ङ. वासलातमा सारेको** | **५,०२५** |

(ख) आर्थिक वर्ष समाप्त भए पछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटना बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नु पर्ने :

**२०७८ साल श्रावण १ देखि २०७८ चैत्र मसान्त सम्मको वित्तिय विवरण**
**वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| **१. पूँजी तथा दायित्व** | |
| अ. शेयर पुंजी | २६७,९०८ |
| आ. जगेडा कोष र संचित नाफा | २५,५३४ |
| **२.दिर्घकालीन कर्जा** | |
| क.सुरक्षित दायित्व | २०४,४५५ |
| **३.चालु दायित्व** | |
| क.छोटो अवधि सापटी | |
| ख.व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | २१,१६३ |
| ग.आयकर दायित्व | |
| **जम्मा चालु दायित्व** | **२१,१६३** |
| **जम्मा पूँजी तथा दायित्व (१+२+३)** | **५१९,०६०** |
| **जम्मा सम्पत्ति** | रकम (रू.हजारमा) |
| **१.स्थिर सम्पत्ति** | |
| जम्मा मूल्य | ६५७,०६२ |
| जम्मा ह्रास खर्च | (२१२४५१) |
| **खुद स्थिर सम्पत्ति** | **४४४,६११** |
| **२.लगानी** | **१९,४४६** |
| **३.चालु सम्पत्ति** | |
| क.जिन्सी मौज्दात | |
| ख.व्यापारिक तथा अन्य प्राप्त गर्नु पर्ने रकम | ८,३७५ |
| ग.नगद तथा बैंक मौज्दात | ३,२६३ |
| घ.अग्रीम भुक्तानी रकम र पेश्की | ४३,३६५ |
| **जम्मा चालु सम्पत्ति** | **५५००३** |
| **जम्मा सम्पत्ति (१+२+३)** | **५१९,०६०** |

**२०७८ साल श्रावण १ देखि २०७८ चैत्र मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **क.आम्दानी** | |
| १.बिक्री आम्दानी | ६९,९०९ |
| २.अन्य आम्दानी | ४३०० |
| ३. लगानीबाट प्रप्त आम्दानी | |
| **जम्मा आम्दानी** | **७४,२०९** |
| **ख.संचालन तथा प्रशासकीय खर्च** | |
| १. प्रशासकीय खर्च | ४,४१९ |
| २. संचालन खर्च | १६,७८० |
| ३. रोयल्टी खर्च | १,३९८ |
| **जम्मा खर्च** | **२२,५९७** |
| **ग. जम्मा संचालन नाफा (क–ख)** | **५१,६१२** |
| **घ. अन्य गैर संचालन खर्च** | |
| १. वित्तीय खर्च | ११,१६३ |
| २. ह्रास खर्च | १४,०२५ |
| **जम्मा अन्य गैर संचालन खर्च** | **२५,१८८** |
| **कर्मचारी बोनस अधिको नाफा/ (नोक्सान) (ग–घ)** | **२६,४२४** |
| कर्मचारी बोनस | ५२८ |
| कर अधिको नाफा नोक्सान | **२५,८९६** |
| आयकर | ५,१७९ |
| **कर पछिको नाफा नोक्सान** | **२०,७१७** |
| **न्यून: संस्थागत सामाजिक उत्तरदायित्व** | २०७ |
| **नाफा नोक्सान बाँडफाँड हिसाव** | |
| अ. चालु आ.ब नाफा नोक्सान | २०,५०९ |
| आ. अघिल्लो आ.ब संचित नाफा (नोक्सान ) | ५,०२५ |
| **ङ. चालु आ.ब खुद नाफा (नोक्सान)** | **२५,५३४** |
| **बोनस शेयर** | |
| **वासलातमा सारेको** | **२५,५३४** |

**नगद प्रवाह विवरण**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| यस बर्षको नाफा/(नोक्सान) | २०,५०९ |
| जोडः ह्रासकट्टी | १४,०२५ |
| व्याज भुक्तानी | ११,१६३ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **४५,६९७** |
| चालु सम्पत्ति बृद्धि / कमी | ९०१ |
| चालु दायित्व बृद्धि / कमी | २,६६३ |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **४९,२६१** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | |
| शेयर निश्कासनबाट प्राप्त रकम | – |
| लाभांश भुक्तानी | – |
| ऋृण भुक्तानी | (१५,८३२) |
| व्याज भुक्तानी | (११,१६३) |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(२६,९९५)** |
| | |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| सम्पति खरीद | (३,१३२) |
| सम्पति त्रिक्रि | – |
| लगानीमा बृद्धि / कमी | (१८,५००) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(२१,६३२)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **६३४** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २,६२९ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **३,२६३** |

**ग) धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था,निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिबर्तन बाहेक हकप्रद  लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरि तात्विक परिबर्तन भएमा त्यस्ता संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था र विवरणहरु बोर्डबाट स्विकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला गर्नु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था,निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिबर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धि कार्य शुरु गर्नेछौं ।

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

(क) वित्तिय साधनको अभावबाट हुने जोखिमः
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने
- परियोजना निर्माणका लागि बैकबाट ऋृण प्राप्त हुन नसकेमा जोखिम उत्पन्न हुनेछ ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलश्रोतको मुहानको वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
- परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम,मेशीन,छड जस्ता कच्चा पदार्थहरुको अभाव हुंदा जोखिम उत्पन्न हुने ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिती र यसमा आउने परिबर्तनबाट हुने जोखिम :
- बजारको जोखिम नरहेको यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भैसकेको छ ।
- नेपाल विद्युत प्राधिकरण पूर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुंदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चता रहेको छ ।

(घ) आयोजना सम्पन्न हुन ढिलाइ हुने सम्भावना र त्यसबाट हुने मुल्य अभिबृद्धि (Cost over run) को जोखिम :

- आयोजना समयमै सम्पन्न भई कार्य सञ्चालनमा नै रहेको हुंदा आयोजनाको निर्माण लागतमा बृद्धि हुने जोखिम नरहेको ।

(ङ) कम्पनी संचालनमै रहिरहेको हुदा बिदेशी विनिमय दरमा हुने परिवर्तनले कम्पनीलाई खास जोखीम नरहेको ।

(च) कानून प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्ने सक्ने अवरोधहरुः हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पुर्ण कानूनी प्रक्रियाहरु पुरा गरि सकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

(छ) क्षेत्रियकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमः
अर्न्तराष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनेपनि किसिमको मन्दीबाट शेयरबजारमा असर परेमा शेयर मुल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

(ज) सरकारी निती तथा नियमहरुमा हुने परिबर्तन तथा विश्वव्यापीरुपमा हुने नितीगत परिबर्तनबाट उत्पन्न हुने जोखिमः कर,भन्सार,विद्युतीय उपकरणहरु आयातमा कुनैपनि नितीगत परिबर्तन भएमा यस्ता जोखिम रहने ।

(झ) संचालन अनुभवको अभावः कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै अन्य परियोजनाहरु पनि निर्माण गरि संचालन गरिसकेको हुंदा अनुभवी समुहले निर्माण गर्ने ।

(ञ) प्रविधिको परिबर्तनबाट हुनसक्ने जोखिमः उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति,डिजेल,कोईला,जलश्रोत इन्यादि । यस मध्ये पानिबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो,जस्ले बातारणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानिबाट उत्पादन हुने जलविद्युतले वाताबरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मकरुपमा कम रहने हुंदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जेखिम कम व्यवसायहो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

(ट) पूर्वाधार निर्माणमा हुने ढिलाइका कारण हुन सक्ने जोखिमः कम्पनीका लागि चाहिने पूर्वाधारहरु तैयार रहेकोले यस प्रकारको जोखिम नरहेको ।

(ठ) दैबि प्रकोप जस्ता काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माणमा ढिलाई भए आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोतमा असर पर्ने । जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प,बाढी पहिरो जस्ता कारणले हुने क्षती र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागी परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरि बिमाको व्यवस्था गरिएकोछ ।जलबायु परिबर्तनबाट खोलामा पानिको बहावमा थपघट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्छ । यसका लागि विद्युत उत्पादनमा कमि आएमा हर्जाना मिनाहा हुने व्यवस्था रहेको छ ।

(ड) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

(ण) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु : बरुण हाईड्रो पावर लिमिटेडले नेपाल स्टक एक्सचेञ्नकम सूचिकृत
भई कारोबार भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मुल्य लागत मुल्य तथा किताबी मुल्य भन्दा अधिक छ ।

(त) **सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ । जोखिम न्यूनिकरण गर्न विमा समेत गरिएको छ , सो को विवरण निम्नानुसार छ ।

| क्र.सं. | बीमा पोलिसीको नाम | बीमा गरिएको मिति | बीमा कायम रहने अबधि | बीमा गरिएको कम्पनी | बीमाङ्क रकम | बीमा प्रिमियम रकम |
|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति बीमा | २९।११।२०७८ | २८।११।२०७९ | एनएलजी इन्सुरेन्स कं लि. | ४०,२३,२१,८७९।- | ८,४१,०७३।८९ |
| २ | मेशिनरी ब्रेकडाउन बीमा | २९।११।२०७८ | २८।११।२०७९ | एनएलजी इन्सुरेन्स कं लि. | १३,३६,७५,०९०।- | १३,५९,५०५।६७ |
| ३ | आम्दानीमा नोक्सानी बीमा | १६।१२।२०७८ | १५।१२।२०७९ | एनएलजी इन्सुरेन्स कं लि. | १०,७१,८०,१६९।११ | १०,९०,०४२।३२ |

(थ) **धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम बढिमा १५ दिन भित्र हकप्रद शेयरको बाँडफाँड गरी बाँडफाँड भएको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भए पश्चात सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँड भएको हकप्रद शेयर भौतिक प्रमाणपत्र रहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) कम्पनीको रजिष्टर्ड कार्यालय, अनामनगर, काठमाण्डौं ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए, सो को विवरणः**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुत गरिएको छैन ।

**प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिइनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ः १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनीनम्बर, हालकायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु)/हितग्राहीखाता नम्बर, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथप्रति शेयर रु. १००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणान गर्दा हुनआउने बराबरको एकमुष्ठ नगद रकमवा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भएपश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदनदिन योग्यहुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधिभित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधिभित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्याद भित्र दरखास्तनदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमाकुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागिकम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिमहुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

ट) रु.५,००,००० (अक्षरेपी पांच लाख) सम्मको खरिदमा स्वेच्छिक र सो भन्दा बढीको लगानीमा लगानीकर्ताले प्यान नम्बर अनिवार्य खुलाउनु पर्ने ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,

(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची–१ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) कम्पनीको अठारौ बार्षिक सभाको निर्णय बमोजिम आ.ब २०७९/८० को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि चार्टर्ड एकाउण्टेण्ट संस्था जि पौड्याल एण्ड एसोसिएट्स, टेकु, काठमाण्डौलाई नियुक्त गरिएको छ ।

ख) यस कम्पनीको कम्पनी सचिवमा पोखरा-३१, कास्की निवासी श्री प्रकाश भुजेल कार्यरत हुनु हुन्छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हाल सम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था जि पौड्याल एण्ड एसोसिएट्स, टेकु, काठमाण्डौका चार्टर्ड एकाउण्टेण्ट घनश्याम पौड्याल रहनु भएको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं रहेकोछ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

उल्लेखित उद्देश्य तथा योजना कार्यान्वयनका लागी नियम आयोगबाट प्रेषित शर्तहरु र सो बमोजीम उपयोग गरीने योजना निम्नानुसार छ ।

**शर्तहरु :**

क) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजीम कार्यान्वयन गर्न र निर्देश्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गनुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजीम लाभकर लगाएत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) शेयरको संरचना परिवर्तनका सम्बन्धमा अन्य प्रचति ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सो को पालना गर्नुपर्नेछ ।

ङ) कम्पनीले हकप्रद शेयर वापतको रकम तोकिएको कार्यमा मात्र लगाउनु पर्नेछ ।

**उपयोग गरिने योजनाहरुः**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी कम्पनीबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

| क्र.सं. | विवरण | हालको अवस्था | रकम (रु.) | अवधि |
|---|---|---|---|---|
| १. | प्रमुख मर्मतका लागि स्पेयर पार्टस | आयोजना १२ वर्ष देखि संचालनमा रहेको र मुख्य मेशिनरी एवं पार्ट पूर्जाहरुको विगत ६ वर्ष यता मर्मत संभार नभएको । | ४ करोड | १ वर्ष |
| २. | (SIMKOSH) परियोजनाको प्राविधिक अध्ययन र अधिग्रहण लागत | उक्त आयोजना यथा स्थितिमा प्राप्ति गर्न प्राविधिक अध्ययन नभइसकेको | ६ करोड | २ वर्ष |
| ३ | दीर्घकालीन कर्जा भुक्तानीको लागि | हाल बाँकि आयोजना ऋण रकम रु. २०,४४,५५,०५४।- मध्ये माथिको शीर्षकमा छुट्याइएको रकम पश्चात बचेको रकम तिर्ने । | १६.७९ करोड | १ वर्ष |
| | **जम्मा** | | **२६.७९ करोड** | |

**१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) यस कम्पनीले आफ्नो जारी पूंजी रु.५३,५८,१५,०००/–( अक्षरेपी त्रिपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र ) हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

ख) कम्पनीको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा १ शेयर वरावर १ शेयर (१:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

ग) यस कम्पनीले हकप्रद शेयर निश्कासनबाट संकलित रकम रु २६,७९,०७,५०० सिमकोश जलविद्युत आयोजनाको परियोजना अध्ययन र लाइसेन्स प्राप्ति, विद्यमान आयोजनाको ठूला मर्मत र सुरक्षित ऋण चुक्ता गर्न प्रयोग गरिनेछ । उक्त आयोजनाको अध्ययन र प्राप्तिको अनुमानित लागत रु ६ करोड र प्रमुख मर्मत लागत अनुमानित रु ४ करोड रहेको छ । ऋणको थप भुक्तानी १६ करोड रुपैयाँ अनुमान गरिएको छ।

घ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।

**निष्काशनबाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**

**२. हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धीव्यवस्थातथाविवरण" वमोजिमजारी हुने हकप्रद शेयरको अनुपातलाई उचितमान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) विगतमा यस कम्पनीले हासिल गरेको आर्थिक वृद्धिदरलाई कायम राख्न, संस्थालाई वित्तीय हिसावले मजवुत राखि राख्न र देशको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने हाइड्रोपावर परियोजनाहरुमा लगानी गर्न सक्ने गरीपूँजी वृद्धि गर्नुपर्ने अवस्था रहेको ।

ख) कम्पनीले आफ्नो पूँजी वृद्धि गरी बढ्दै गइरहेको प्रतिस्पर्धामा समेतलाई ध्यानमा राखि कम्पनीको स्थितिलाई अझ मजबुद बनाउन ।

ग) सो अनुसार कम्पनीको चुक्ता पुंजी हाललाई रु. रु. ५३,५८,१५,०००/- पुऱ्याउनको लागि हाल कायम चुक्ता पुंजीको १:१ अनुपातमा हकप्रद शेयर जारी गर्नु पर्ने अवस्था रहेको ।

घ) कम्पनीले शेयरधनीहरुलाई लगानीमा समय सापेक्ष रुपमा उचित प्रतिफल प्रदानगर्दै आएको, उक्त प्रतिफल पुंजीको उपयोगको हिसावले औचित्यपूर्ण रहेकोले १:१ को अनुपातलाई उचितमान्न सकिने अवस्था रहेको ।

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काइस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरि बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**निष्काशन बैंक सम्बन्धी ब्यबस्था :**

यस हकप्रद शेयर निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ :

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाता नं. |
|---|---|---|
| १. | खाताको नाम | RBBMBL-BARUN |
| २ | खाता नम्बर तथा बैकको नाम | १७००१०००२४८६००१<br>राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, टेकु, काठमाण्डौ |

यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुको लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिती भन्दा ३ दिन अगाडि नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको बिकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं ।

२. श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालयहरुः विरगञ्ज-पर्सा, जनकपुर-धनुषा, नारायणगढ-चितवन, बाग्लुङ्ग, बुटवल-रुपन्देही, नेपालगञ्ज-बाँके, वीरेन्द्रनगर-सुर्खेत, धनगढी-कैलाली, विर्तामोड-झापा, हेटौडा-मकवानपुर, तुल्सीपुर- दाङ्ग, महेन्द्रनगर-कञ्चनपुर,चैनपुर-संखुवासभा,खांदबारी-संखुवासभा ,धरान-सुनसरी ।

३. श्री नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु, नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यमबाट दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितीमा आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम सिधै हुलाक वा कुरीअर मार्फत आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। ह्कप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी बरुण हाइड्रोपावर कम्पनीको वेवसाइट www.barunhydro.com वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेडको वेवसाइट www.rbbmbl.com.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी बरुण हाइड्रोपावर कम्पनी को वेवसाइट www.barunhydro.com तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.rbbmbl.com.np बाट हेर्न सकिनेछ ।
बोर्डबाट स्विकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

१) कम्पनीले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन २०६३, तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण बरुण हाइड्रो पावर कम्पनीको रहेको छ । साथै कम्पनीको कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/२/५ मा प्राप्त पत्रानुसार आ.व.२०७७/०७८ सम्मको सम्पूर्ण विवरण अद्यावधिक रहेको छ ।

२) सुचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को सम्पूर्ण व्यवस्थाहरुको कम्पनीबाट पालना भएको र भविष्यमा समेत पालना गरिने उदघोषण गर्दछौं ।

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण:**

| आर्थिक बर्ष | अधिकतम शेयर मुल्य (रू.) | न्युनतम शेयर मुल्य (रू.) | अन्तिम बजार मुल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७६/०७७ | १०७ | ७६ | ८४ | १,७९,१५६ |
| २०७७/०७८ | ६७७ | ७९ | ५३१ | १,०२,७२,३७६ |
| २०७८/०७९ | ७६३.४ | ३४५.६ | ४४० | ९३,८५,७६५ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| महिना | अधिकतम शेयर मुल्य (रू.) | न्युनतम शेयर मुल्य (रू.) | अन्तिम बजार मुल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७९ वैशाष | ५४१.६ | ३६९.१ | ५०७ | ४,०६,८९१ |
| २०७९ जेष्ठ | ५०४ | ४३६ | ४४४ | ३८०३५८ |
| २०७९ आषाढ | ५०० | ३७६.४ | ४४० | ६,८४,९४६ |

**द्रष्टव्यः** यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडको website www.nepalstock.com.np मा प्रकाशित मुल्यसूचिबाट प्राप्त गर्न सकिनेछ ।

**स) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई CARE-NP BB+(Is)[Double BB Plus (Is)]" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको समयमै वित्तिय दायित्व पूरा गर्न मध्यम जोखिम रहेको जनाउंछ (**Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal**) । सो ग्रेडिङ्गको बैद्यता अवधि एक बर्ष रहने छ । केयर **रेटिङ्ग** नेपाल लिमिटेडले CARE-NP AAA( Is) देखि CARE-NP D (Is) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA( Is) ले बलियो आधार जनाउंछ भने CARE-NP D (Is) ग्रेडले कमजोर आधारहरु जनाउंछ । CARE-NP B (Is) CARE-NP C (Is) CARE-NP D (Is) ले औसत भन्दा कम आधारहरु जनाउंछ । दिइने आधारहरुमा प्रयोग गरिने +(Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितीलाई जनाउंछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, त्यसमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | डा.भुषण गुरागाई | अध्यक्ष | |
| २. | डा.अभिनब दाहाल | संचालक | |
| ३. | श्री रमेश अधिकारी | संचालक | |
| ४. | श्री कृष्ण लाल श्रेष्ठ | संचालक | |
| ५. | श्री सौरभ गुरागाई | संचालक | |
| ६. | श्री पुनम कार्कि | संचालक | |
| ७. | श्री सम्भना तजले | स्वतन्त्र संचालक | |

**ह) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **बरुण हाईड्रोपावर कम्पनी लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।